रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

## रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : ६ मिति : २०८०/०३/१५

## भाग १

## रंगेली नगरपालिका

रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली नगरपालिकाको शिक्षा ऐन (पहिलो संशोधन), २०८०

नगरसभा बाट स्वीकृत मितिः २०८०/०३/१०

# रंगेली नगरपालिकाको शिक्षा ऐन (पहिलो संशोधन), २०८०

**प्रस्तावनाः** रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " रंगेली नगरपालिकाको शिक्षा ऐन (पहिलो संशोधन), २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. रंगेली नगरपालिकाको शिक्षा ऐन (पहिलो संशोधन), २०८० मा संशोधनः**

(१) रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३४ मा देहाय बमोजिम संशोधन गरिएको तथा ३४ क र ३४ ख थप गरिएको छ ।

**३४. करारमा शिक्षक छनौट सम्बन्धी व्यवस्थाः-** (१) सामुदायिक विद्यालयमा रिक्त रहेको दरबन्दिमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येकविद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत -सदस्य

(ग) नगर कार्यपालिकाको कार्यालयको विज्ञ सूचीमा उल्लेखित सम्वन्धित विषय विज्ञमध्ये नगर प्रमुख, उप प्रमुख र प्र प्र अ को सिफारिसमा शिक्षा शाखाले तोकेको ३ जना -सदस्य

(घ) प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) (ग) को प्रयेजनको लागि शिक्षा शाखाले समय समयमा दरखास्त आह्वान गरी विषय विज्ञहरुको ब्यक्तिगत विवरण सहितको विज्ञ सूची अध्यावधिक गरी राख्नु पर्नेछ ।

(३) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ । छनौट सम्बन्धि परीक्षा केन्द्र नगरपालिकामा वा शिक्षा शाखाले तोकेको स्थानमा हुनेछ।

(४) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधी जारी गरेको भए शिक्षक तथा कर्मचारी छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधीको पालना गर्नु पर्नेछ।

(५) परीक्षा संचालन तथा अन्तरवार्ता सञ्चालनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विषय विज्ञलाई दिई प्राप्त नतिजा छनौट समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

(६) शिक्षक छनौट समितिको बैठक सम्बन्धी कार्यविधी सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(७) करारमा शिक्षक छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४ (क) करारमा शिक्षण सहयोगी छनौट गर्नुपर्ने व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी नपुग भएमा तहगत रुपमा नगरपालिकाबाट शिक्षण सहयोगीको नियुक्तिका लागि देहाय बमोजिम शिक्षण सहयोगी छनौट समिति रहनेछ ।

१. रंगेली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति – संयोजक

२. नगरपालिकाको सामाजिक विकास समितिका संयोजक वा निजले तोकेको व्यक्ति - सदस्य

३. नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट नगर शिक्षा समितिमा प्रतिनिधित्व गरिरहेका सदस्यहरु मध्येवाट नगर शिक्षा समितिका संयोजकले तोकेको एक जना – सदस्य

४. नगरपालिकाको शिक्षा शाखाका प्रमुख वा निजले तोकेको व्यक्ति – सदस्य सचिव

(२) शिक्षण सहयोगी छनौट समितिको सचिवालय नगरपालिकामा रहनेछ । छनौट सम्बन्धि परीक्षा केन्द्र नगरपालिकामा वा सो समितिका संयोजकले तोकेको स्थानमा हुनेछ ।

(३) शिक्षण सहयोगी छनौट समितिको बैठक सम्बन्धि कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) करारमा शिक्षण सहयोगी छनौट गर्नका लागि विषय विज्ञको व्यवस्था नगर प्रमुख, उप प्रमुख एवं प्र प्र अ को सिफारिसमा ३ जना विज्ञ शिक्षा शाखाले तोक्नेछ र परीक्षा संचालन तथा अन्तरवार्ता समेत गरी प्राप्त नतिजा छनौट समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

(५) करारमा शिक्षण सहयोगी छनौट गर्न सम्बन्धित तहको शिक्षकको लागि लिइने परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) करारमा शिक्षण सहयोगी छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४ (ख) सामुदायिक विद्यालयमा करारमा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा रिक्त रहेको दरवन्दी/पदमा करारमा कर्मचारी नियुक्तिका लागि देहाय बमोजिम छनौट समिति रहनेछः-

१. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

२. नगरपालिकाका शिक्षा शाखाका प्रमुख वा निजले तोकेको व्यक्ति – सदस्य

३. सम्बन्धित विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(२) कर्मचारी छनौट समितिको सचिवालय विद्यालयमा रहनेछ । छनौट सम्बन्धि परीक्षा केन्द्र नगरपालिकामा रहनेछ ।

(३) कर्मचारी छनौट समितिको बैठक सम्बन्धि कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) करारमा कर्मचारी छनौट गर्नका लागि विषय विज्ञको व्यवस्था नगर प्रमुख, उप प्रमुख एवं प्र प्र अ को सिफारिसमा शिक्षा शाखाले तीन जना विषय विज्ञ तोक्नेछ र परीक्षा सञ्चालन एवं अन्तरवार्ता समेत सम्पन्न गरी प्राप्त नतिजा छनौट समितिलाई उपलब्ध गराउनुपर्नेछ।

(५) विज्ञबाट प्राप्त नतिजा बमोजिम करार नियुक्तिका लागि वि.व्य.स.लाई सिफारिस गर्नेछ ।

(६) उपदफा ४ प्रयोजनको लागि नगरपालिकाले समय समयमा दरखास्त आह्वान गरी विषय विज्ञहरुको व्यक्तिगत विवरण सहितको विज्ञ सूचि अद्यावधिक गरी राख्नु पर्नेछ ।

(७) करारमा शिक्षण सहयोगी छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३५ को २ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

३५(२) सामान्यतया शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा गरिनेछ । तर विशेष अवस्थाको दरवन्दी मिलान/सरुवा जुनसुकै समयमा पनि गर्न सकिनेछ ।

(३) रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा ४३ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

(२) नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुका लागि शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले एकै किसिमको पोशाक तोक्न सक्नेछ ।

४३. **विद्यालय पोशाकः** (१) विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने र हावापानी सुहाउँदो पोशाक तोक्न सक्नेछ ।विद्यालयले पोशाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

आज्ञाले<br>
श्री ओमकार प्रसाद न्यौपाने<br>
प्रमुख प्रशासकीय अधिकृत